# प्रेमदेवको धीन् धी ना धीन्

**आभास**

यिनको जन्मसित दश अङ्कको संयोग । दुईहजार दश, दश र फेरि दश । बजे कति ? सोधेनछु । सायद त्यो पनि दश हो कि ? शरीर भने अँग्रेजीको एकजस्तै खिरिलो । स्याप्पै गाला । छुस्स दाह्री । नाकमा अडेको कालो चस्मा । पहिरन भने अति सरल । बोली छ तालजस्तै लयवद्ध । हातमा मादल र सारङ्गी स्पर्श गर्ने सीप । मस्तिष्कमा कला र सँस्कृतिको सुस्पष्ट सोच । यी हुन् प्रेमदेव । प्रेमदेव याने प्रेमदेव गिरी । कलाकारका प्रेमकथा अनावश्यक ढंगले चर्चा हुने गर्छन् । यिनको नामै प्रेमदेव । प्रेमकथा कस्तो होला यिनको ? त्यही जिज्ञाशाबाटै सुरु हुन्छु । सुर्खेतको एउटा होटेलको छतमा । अनुरोधमा  मादल बजाउँदै  गरेका उनी । हात टक्क रोक्छन्  र लोकभाकामै जिज्ञाशा मेटिदिन खोज्छन्-

'ऐँसेलु काँडाले
घरबारे भयौ र मन मर्‍यो

गीताङ्गे भएर गीतबाट प्रेम पोख्दा गीतैमा यस्तो मुखबुझो पाउथैं हो भाइ !'

सामान्यतया यस्ता व्यक्तिगत पोकापन्तुरा खोतल्नबाट टाढा रहने म, आज किन भएँ उटुङ्गी ? आफ्नो तक्षणको मुखाले उटुङ्गेमतिलाई मनमनै धिक्काछु र हेर्छु प्रेमदेवतिर । खोकिलामा हात घुसार्दै जीवनकथाको पाना पल्टाइदिन्छन् । भन्छन्- 'बाह्रवर्षमै बुबा बित्नु भो । अल्लारे हुनै पाइएन । पन्ध्रमै धरजम भो । अलि बुझ्ने भएपछि गीत गाउँदा समेत जवाफ आउथ्यो- *घरबारे भयौं र मन मर्‍यो ।'* यिनी त खुला किताब झैं पो खुल्छन् त । बिना धक । कति यस्ता हुन्छन् नि । आफ्ना कुरा लुकाउनमा खप्पिस । यिनको खुलापन भने लयवद्ध । कलाकारिता नै पोखिए झैं । बिस्तार  प्रवेश गर्छन् भोगाइले दिएको ज्ञानतिर । भन्छन्- 'शरीर स्पर्शको प्रेम मोह हो । मोहमाभन्दा आदर्शमा विश्वास लाग्यो । त्यतै लागें । सुनेथें, तिरस्कार गर्नेलाई पनि आकर्षित गर्ने शक्ति हुन्छ रे कलामा । त्यस्तै अनुभूति भयो र छ पनि । त्यही कुराले साधनामै क्रियाशील भएँ र छु पनि ।' आहा ! यिनको सरल अभिव्यक्तिभित्र लुकेको गहन कुरा । दार्शनिक अभिव्यक्ति भेट्न कृष्णमूर्ति, रजनिश, कन्फुसियस वा फ्रायड् नै किन ? यिनीभित्र पनि दर्शनकै पक्ष भेट्छु हौ म त । भन्दै जान्छन्- 'दुत्कार्नेहरूलाई पनि कलाकारिताले सम्झिरहनु पर्ने बनाई छाड्छु ! यस्तै आँट आयो र बजाउनमै डटें ।' काखमा मादल लिएका प्रेमदेव प्रेमपूर्वक मादललाई ढोग गर्छन् र थाल्छन् मन जित्ने आराधना । आँखामा झल्केको छ लोकलयप्रतिको सजल मोह । औंलामा सोरठी, झ्याउरे र ख्यालीको घनक ।

यि छन् मादलमै मस्त । म सोच्छु कसैले भनेका कुरा- 'कलाकारले पहिला गाउँ चिनाउँछ । पछि क्षेत्र चिनाउँछ । र चिनाउँछ देश ।' यिनले काठमाण्डौ बाहिर पनि नेपाल छ है ! उहिल्यै चिनाउने प्रयास गरेका । मादल । सारङ्गी । सुर्खेत । ताल । उही बुलबुले । मैदान । डाँडा । पाखा । रनबन घुम्दै बनच्याउ खोजे झैं भेगभेग घुम्दै लोकभाकाको खोजी । यस्तै के के यिनीसित जोडिएर आएका कुरा । सुनेकै छौं नि !

धान राख्ने धनसार
घर न बार घुम्दैछु संसार
माछी पर्‍यो जाल
बुलबुले ताल

यिनलाई सुर्खेतको सानो जालबाट निक्लन मन लागेको । लेकाली समूह लगायत अनेकौं जनले सह्राएका । भेरीको परिचय बोकेर काठमाण्डौ छिरे २०२९ सालतिर । लोक प्रस्तुतिमा भेरी अञ्चल प्रथम भएको त्यहीपाला । दौंतरीमा थिए टेकराज भारती र गोपाल बस्नेत । लोक नृत्यमा माहीर । तीनैजना थामिए काठमाण्डौमै । कलाप्रेमको मोहले तान्यो । केन्द्र थियो यो । अझै पनि छ । ठूलो ठाउँ । कलाकै चहलपहल । नाम पनि यतैबाट बढी चल्ला कि ? माद्यमिकको पढाइ समेत त्यागे । आश्रय दियो नाचघरले । टेक र गोपाल टिके पाँचसात वर्ष । यिनले नाचघरमै कटाए दशएघार वसन्त । फेरि केहीवर्ष रेडियोमा पनि ।

सुर्खेत बुलबुले ताल
माया मै सानो हुनाले
छुट्यो माया जाल

सानाले हेपिनु पर्ने प्रथा यद्यपि छ । उसबेलाको त कुरै अर्को । तर यिनमा गुनासोको कुनै गनगन छैन । भन्छन्- 'आफूले सोचेजस्तो कहाँ डोरिन्छ र जिन्दगी ?' म भने भाग्यमा मात्र विश्वास नराख्ने मान्छे । उनको मादलको लयसितै तरङ्गिन्छु । निकट विगततर्फ । २०४६ सालपछि  नेपालमा संगीत पनि व्यावसायी हुनथाल्यो । राम्रै भो भनूँ । नयाँ स्टुडियो । नौला प्रविधी । लोकभाका पनि बिक्न  थाले । यही दशकमा दोहरीको चर्चा त बम्पर चिठ्ठाकोभन्दा पनि चर्को । खुले कोठा कोठामै लोगीतका कारखाना । कारखाना चलाउनसक्ने अगाडि । ठेटभाकाका अनुयायी कताकता । मादल सारङ्गी ओझेल । सिन्थेसाइजर

फत्याकफुरुक । हातको सीप धरमर । मेसिनको करामतको हलचल । धन्न २०४५ सालमै प्रेमदेव फिरेछन् सुर्खेत । त्यसैले यिनको मौलिक वाद्यवादनलाई अझसम्म पनि मेसिनले चपाइसकेको छैनछ । अनेक अलङ्कार घन्काएर सुस्ताउँदै गरेका प्रेमदेव ६ मात्राको साधारण बोलमा बजेका छन् ॥ धीं १ ता । तत् धी ना ॥ मेरो मनको तरङ्ग भने अनवरत नै छ । सम्झन्छु यिनकै संकलन । लेकालीले गाएको । उही यानीमाया-

सोझो हिंड्छ कर्णाली
ले बरै छाल हान्दैछ भेरी, यानीमायालाई
मुटुको पाँच चिरा हुन्छ
ले बरै सम्झी ल्याउँदाखेरी, यानीमायालाई

काठमाण्डौ रहँदाका केही मीठा क्षण अझै सम्झनामा छन् प्रेमसँग । रसिक, भोजपुरे, इन्द्रनारायण । सुवी, सुन्दर, शिशिर । र अरु पनि अनेकौं अनेक । झन् नारायण गोपालसितको उठबस । त्यहीँबाट बागीनासितको प्रेम । बागीना याने बाजा, गीत र नाँच । बागीना याने सांगीतिक पत्रिका । उहिले, केन्द्रको बागीनालाई नारायण दाइले सम्पादन गर्थे । संगीतका चिन्तकहरू यही प्रकाशनमार्फत् नजिकिन्थे पनि । अहिले त्यही नामको चिनो सुर्खेतमा साँचेका । प्रेमहरूले । सुर्खेतकी बागिना प्रकाशित भएर फैलने खालकी होइन त के भो ? छ कलाप्रेमीहरूलाई नजिक्याउँने थलो बनेकी । नयाँ पुस्तालाई विगतका अनुभव यहीं बसेर बाँढ्छन् प्रेमहरू । भन्छन्- 'केटीलाई कलाजगतमा तान्न बढो मुस्किल पर्थ्यो सुर्खेतमा । २९ सालको मात्रै कुरा हो । एउटीले इच्छा राखिन् नाचगानमा । उनका परिवारमा गएर सोधेँ । परिवारकाले त 'लग्न त लग्नु प्रेमबाबु ! कार्यक्रम सकेपछि हाम्रा घरमा नल्याउनु उतै राख्ने व्यबस्था पनि गर्नु' पो भन्छन् ! त्यतिबेलाको त्यो गर्जो जुम्लाको एउटा गन्धर्व परिवारले टरिदियो । छोरीलाई हाम्रो टोलीमा पठाएर । तर अहिले कुरा ठीक उल्टो छ । कलाकारितामा केटाभन्दा केटी अगाडि छन् ।' प्रेम फुलेका जुँगादेखि काखमाथिको मादलसम्म सुमसुम्याउँन भ्याउँछन् मादले औंलाले । यि सुर्खेते प्रेमका औंलाले मादल र सारङ्गी घन्काउँदै गुञ्जाएका । आफ्नो मूलथलोदेखि मस्कोसम्म । देश बाहीर पुगेपछि प्रेम सुर्खेते मात्र कहाँ रहे र ? सम्पूर्ण नेपालका बनेर पो गुञ्जिए । यस्तै चेतनाले भरिएका यी प्रेम ।

...परालको टौवा, खरको छानो
कसको छ माया ठूलो भरौं न मानो

भन्छन्- 'हामी कलाकार त माया भर्नमा प्रतिस्पर्धा गर्छौं । देउडा, झ्याउरे, सिँगारु, सोरठी सबैमा माया नै त छ । सुर्खेत यिनै विविध मायामा बाँचेको छ हो भाइ ! कुनै एउटै जातजातिको बाहुल्यता छैन । मिश्रित समाज छ । छ मिश्रित कला । हाम्रो यो मिश्रणले हामी एकै हौं भन्ने सन्देश दिँदैन र ?' लम्पसार गोठीकाँडा र फिनीकाँडा पर्वतको फेदमाा बसेका प्रेम । देशमा खलबलिएला कि जस्तो जातीय एकताप्रति सांकेतिक शैलीको चिन्ता जताउछन् । फेरि घन्काउछन् ६ मात्राकै बोल-
॥ धीन् धी तां । तत् धीन् तां ॥ तालले सम्झाउँछ उनकै संकलनको देउडा र उकालो लागेको तरुलको बेलो । याने लहरो । लहरोसितै लहरिएका अनेक तर्कना । लहरे टुप्पामा कलिलो मुना । हेनरिक्को 'दि लास्ट लिफ' जस्तै । र मुनासितै पलाइरहेको आशा ।

कतिका उकाला लाग्या छ्याम्म छ्याम्म
तरुलैका बेलो छ्याम्म छ्याम्म

॥ धीन् धी तां । तत् धीन् तां ॥ बिस्तार तालको विसर्जन र कुराको पनि । यिनीसित वर्तासक्दा फेरि दश अङ्कै संयोग । सुरु गरेथेँ नि ! यिनको जन्मसित दश अङ्कको संयोग भनेर । अचम्म ! घडी हेर्छु । बजेको छ बिहानको दश नै ।